# प्रदेशसभा
# कर्णाली प्रदेश
# छैंटौं अधिवेशन
# बैठक सङ्ख्या - १९ र २०
## सूचनापत्र-२
## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**२०७७ साल असार ८ गते सोमबार**

कर्णाली प्रदेश सभाको छैंटौं अधिवेशनको उन्नाइसौं बैठक माननीय सभामुख श्री राज बहादुर शाहीको अध्यक्षतामा दिनको ३:०० बजे प्रारम्भ भयो।

सर्वप्रथम अर्थ तथा प्राकृतिक स्रोत समितिका अध्यक्ष माननीय श्री अम्मरबहादुर थापाले 'कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६' माथि संशोधन प्रस्ताव परी समितिमा छलफल भएपश्चात्का निर्णय र प्रतिवेदन सभासमक्ष राख्नुभयो।

तत्पश्चात् कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले 'कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७' माथि सैद्धान्तिक छलफलको लागि सभासमक्ष प्रस्ताव राख्नुभयो।

तत्पश्चात् माननीय श्री राजु नेपाली, माननीय श्री यज्ञबहादुर बि.सी., माननीय श्री बदमी क्वारी बोहोरा, माननीय श्री सोशीला शाही र माननीय श्री हिमबहादुर शाहीले 'कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७' माथिको सैद्धान्तिक छलफलमा भाग लिनुभयो।

तत्पश्चात् कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले 'कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७' माथि सैद्धान्तिक छलफलको क्रममा माननीय सदस्यहरुले उठाउनुभएका प्रश्न एवम् जिज्ञासाका सम्बन्धमा जवाफ दिनुभयो।

तत्पश्चात् माननीय सभामुख श्री राज बहादुर शाहीले 'कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७' माथिको सैद्धान्तिक छलफल समाप्त भई संशोधनको सूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको जानकारी गराउनुभयो।

तत्पश्चात् माननीय सभामुख श्री राजबहादुर शाहीले सभाको बैठक आधा घण्टाको लागि स्थगित गर्नुभयो।

तत्पश्चात् प्रदेश सभाको छैंटौं अधिवेशनको बीसौं बैठक माननीय सभामुख श्री राज बहादुर शाहीको अध्यक्षतामा दिनको ५:१० बजे प्रारम्भ भयो।

तत्पश्चात् कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले 'सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५' का सम्बन्धमा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड (क) बमोजिम प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव राख्नुभयो।

तत्पश्चात् माननीय श्री धर्मराज रेग्मीले कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभामा पेश गर्नुभएको 'सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५' माथि प्रतिवेदनसहित विधेयकमाथिको छलफलमा भाग लिनुभयो।

तत्पश्चात् कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले 'सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५' माथि समितिको प्रतिवेदनमाथिको छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिनुभयो।

तत्पश्चात् माननीय सभामुख श्री राजबहादुर शाहीले 'सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५' माथि समितिको प्रतिवेदनसहित विधेयकमाथिको छलफल समाप्त भएको जानकारी गराउनु भयो।

तत्पश्चात् कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले 'सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५' समितिको संशोधन प्रतिवेदनसहित कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ बमोजिम पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् माननीय सभामुख श्री राजबहादुर शाहीले कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले पेश गर्नुभएको 'सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५' लाई समितिको संशोधन प्रतिवेदनसहित समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुभई सभाको सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले 'कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६' का सम्बन्धमा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड (क) बमोजिम प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव राख्नुभयो ।

तत्पश्चात् माननीय श्री पद्मा खड्का र माननीय श्री गोपाल शर्माले कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले सभामा पेश गर्नुभएको 'कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६' माथि प्रतिवेदनसहित विधेयकमाथिको छलफलमा भाग लिनुभयो ।

तत्पश्चात् कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले 'कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६' माथि समितिको प्रतिवेदनमाथिको छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिनुभयो ।

तत्पश्चात् माननीय सभामुख श्री राजबहादुर शाहीले 'कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६' माथि समितिको प्रतिवेदनसहित विधेयकमाथिको छलफल समाप्त भएको जानकारी गराउनु भयो ।

तत्पश्चात् कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले 'कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६' समितिको संशोधन प्रतिवेदनसहित कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ बमोजिम पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् माननीय सभामुख श्री राजबहादुर शाहीले कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले सभामा पेश गर्नुभएको 'कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६' लाई समितिको संशोधन प्रतिवेदनसहित समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुभई सभाको सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् माननीय सभामुख श्री राजबहादुर शाहीले अर्को बैठक २०७७ साल असार १० गते बुधबार दिनको ३:०० बजे सम्मको लागि स्थगित गर्नुभयो ।

जीवराज बुढाथोकी
प्रदेशसभा सचिव